नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.२०८०।८१ शि. व्य.

च.नं. २४२

मितिः २०८१।०२।२५

विषयः **शिक्षक सरुवाका विषयमा थप स्पष्ट पारिएको सम्बन्धमा ।**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**

**सबै ।**

प्रस्तुत विषयमा शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ मा उल्लेख भएका विषयको सम्बन्धमा देहाय बमोजिम हुने गरी थप स्पष्ट पारिएको व्यहोरा यस केन्द्रको मिति २०८१।०२।२४ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ को दफा ७ को उपदफा १ बमोजिम रिक्त पद विद्यालयले IEMIS मा प्रविष्ट गरी स्थानीय तहले दफा ८ बमोजिम रिक्त पद यकिन गरी IEMIS मा अद्यावधिक भएपश्चात उक्त पद विद्यालयले सरुवाद्वारा वा शिक्षा नियमावली,२०५९ को नियम ९७ बमोजिम करार शिक्षक पद पूर्ति गर्ने हो यकिन गरी सोही अनुसारको प्रक्रिया अगाडी बढाउनु हुन ।

   सरुवाबाट रिक्त पद पूर्ति गर्नको लागि सरुवासम्बन्धी सूचना जारी गर्नु पूर्व उक्त निर्देशिकाको दफा २१ मा उल्लिखित खुद पुल दरबन्दी, शिक्षक सेवा आयोगमा रिक्त पद पठाएको विवरण, निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा विषयगत कुरा लगायतका विषयलाई समेत ध्यान दिई शिक्षा विकास तथा समन्वय इकाइको अभिलेखसँग भिडाई सूचना जारी गर्नुहुन र कुनै अस्पष्टता भए सम्बन्धित विद्यालयका प्र.अ., सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख समेतबाट समन्वय गरी आवश्यक कार्य गर्नु हुन ।

२. शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ को दफा १० को उपदफा (३), दफा ११ को उपदफा (२) को प्रयोजनको लागि केन्द्रमा विवरण पठाउँदा tt@cehrd.gov.np मा पठाउनु हुन ।

३. शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ जारी हुनुभन्दा अघि सरुवा भई आउने विद्यालय र स्थानीय तहको सहमति लिई प्रक्रियामा रहेको निवेदनको हकमा केन्द्रबाट यो सूचना जारी भएको मितिले १५(पन्ध्र) दिनभित्र सरुवा भई आउने इकाइमा निवेदन पेस गरी सक्नु हुन र निर्देशिकाको दफा २१ को प्रतिबन्धात्मक आधारहरुलाई समेत बिचार गरी प्रचलित ऐन, नियमावली तथा निर्देशिका बमोजिम इकाइबाट आवश्यक निर्णय गर्नु हुन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.२०८०।८१ शि. व्य.

४. पारस्परिक सरुवा सम्बन्धमा शिक्षा ऐन, शिक्षा नियमावली तथा निर्देशिकामा कुनै व्यवस्था उल्लेख नभएको हुँदा निर्देशिकाकै आधार र प्रक्रिया बमोजिम सरुवासम्बन्धी कार्य गर्नु हुन ।

५. निर्देशिकाको दफा ९ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १ मा उल्लेख भएको व्यवस्थाको हकमा सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तहको भए हाल कार्यरत विद्यालयको सहमति, एउटै जिल्लाभित्रको फरक स्थानीय तह अन्तर्गतका विद्यालय भए आफू कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति र सरुवा भई जाने विद्यालय अर्को जिल्ला अन्तर्गतको विद्यालय भए हाल कार्यरत विद्यालय, विद्यालय रहेको स्थानीय तह र कार्यरत विद्यालय रहेको इकाइको सहमति समेत समावेश गरी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेस गर्नु गराउनु हुन ।

२०८१/४/२४

..................

नारायणप्रसाद पोखरेल
निर्देशक

**बोधार्थः**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
(प्रशासन महाशाखा,योजना तथा अनुगमन महाशाखा,विद्यालय शिक्षा महाशाखा)
सिंहदरबार, काठमाडौं ।
श्री स्थानीय तह, सबै ।